श्री

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

# फर्निचर खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सुचना

*(प्रथम पटक प्रकाशित मिति: २०७५।११।२८)*

सर्वोच्च अदालतका लागि निम्न माल सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमद्वार खरिद गर्नु भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरेको फर्म वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउपत्र सम्बन्धि कागजात दस्तुर (फिर्ता नहुने गरी) बुझाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस अदालतको भण्डार शाखाबाट चालु आ.व. को लागि नवीकरण भएको ईजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्र, स्वःघोषणाको पत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन दिई सूचनामा उल्लेख भए अनुसार दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस अदालतको नाममा सम्बोधन गरि सूचना नं. आपूर्ति गर्ने सामानको विवरण, दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी यस अदालतमा दर्ता गराउनु पर्नेछ ।

३. दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले दाखिला गर्ने अन्तिम दिन अर्थात १६ औं दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र सरकारी कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस अदालतको भण्डार शाखामा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. दरभाउपत्र जमानत बापतको रकम यस अदालतको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस अदालतको नाममा जारी भएको विडवण्ड (वैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्रमा मूल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।

७. दरभाउपत्रमा माल सामानको दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्दछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. एक फर्मको नाममा खरीद गरिएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१०. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

११. दरभाउपत्र सम्बन्धी अन्य आवश्यक कुरा बुझ्नुपरे कार्यालय समय भित्र यस अदालतको भण्डार शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

## तपसिल

| सि. नं. | दरभाउपत्र सूचना नं. | खरिद गर्ने सामान | जमानत रकम | दरभाउ पत्र दस्तुर | खरिद प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | १/२०७५/०७६ | फर्निचरका सामानहरु (टेबल, कुर्सी, दराज, कार्पेट समेत) | ५०,०००।- | १,०००।- | शिलबन्दी दरभाउपत्र |

| सि.नं. | सामानको विवरण | संख्या |
|---|---|---|
| १ | Supplying, installation of office table (30"x48"x30") made of sishoow wood and 19mm ply board laminated with Formica with drawer of three stage on one side and central drawer for keyboard placement all complete as per instruction all complete | २१ सेट |
| २ | Supplying, installation of office table (24"x36"x30") made of sishoow wood and 19mm ply board laminated with Formica with drawer of three stage on one side and central drawer for keyboard placement all complete as per instruction all complete | २० सेट |
| ३ | Supplying and installation of indian hydraulic revolving chair with steel base mounted with resin on all side all compete as per instruction | ४५ सेट |
| ४ | Supplying and installation of office steel cubboard (35"x72"x18") made if steel sheets and steel with locking arrangement and well coloured all complete as per struction. | २० सेट |
| ५ | Supplying and fixing of ribbed carpet with necessary glue all complete as per instruction | २१४२ व.फु. |